मिति २०७२/०१/१२ र २९ गतेको विनाशकारी भूकम्पबाट अतिप्रभावित १४ जिल्लामा केन्द्रीय बालकल्याण समितिबाट आपतकालिन परियोजना शुरु गरिएको थियो । यस परियोजना अन्तर्गत २०७२/०३/०१ गतेदेखि १४ जिल्लामा सूचना व्यवस्थापन अधिकृतहरुको नियुक्ती गरी जोखिममा परेका, परिवारबाट अलग्गिएका र कुनै पनि वयष्कको संरक्षणमा नरहेका बालबालिकाको तथ्यांक जिल्ला बालकल्याण समितिमार्फत संकलन गर्ने र १४ जिल्लामा संकलन भएका तथ्यांकलाई केन्द्रीय बालकल्याण समितिमा एकीकृत गर्ने कार्य परियोजना शुरुभएदेखि हालसम्म निरन्तर हुँदै आएको छ । साथै, संकलित तथ्यांकको आधारमा अत्याधिक जोखिममा परेका बालबालिकालाई प्राथमिकीकरणको आधारमा २०७३ असार १५ गतेसम्म जिल्ला बालकल्याण समितिमार्फत कूल १४,२१२ बालबालिकालाई आपतकालिन बालसंरक्षण सहयोग र पारिवारिक संरक्षण सहयोग गरिएको थियो । जसमध्ये अत्याधिक जोखिममा परेका २,६५१ र यस आ.ब.मा थप भइ आएका जोखिममा परेका ८०५ जना बालबालिकाको छनौट तथा प्राथमिकीकरण गरी कूल ३,४५६ बालबालिकालाई घटना व्यवस्थापन प्रकृयामार्फत बालसंरक्षण सहयोग गरिएको छ र सो कार्य हालसम्म भैरहेको छ ।

**तथ्यांक संकलनका लागि बालबलिकाको वर्गीकरण निम्न आधारमा गरिएको थियो ।**

१. कुनैपनि बयस्कको संरक्षणमा नरहेका बालबालिका (Unaccompanied Children)

कुनैपनि वयस्कको संरक्षणमा नभएको एक्लो बालबालिका भन्नाले १८ वर्ष मुनिका, दुवै अभिभावकसँग छुट्टिएका, कानुनी वा हेरचाहका लागि प्राथमिक सामाजिक दायित्व बोकेका व्यक्ति वा नातागोताका व्यक्तिसँग छुट्टिएका र आफै जेनतेन बाँचिरहेका एक्लो बालबालिका भन्ने बुझ्नुपर्छ ।

२. परिवारबाट अलग्गिएका बालबालिका (Separated Children)

परिवारबाट अलग्गिएका बालबालिका भनेका १८ वर्ष मुनिका, दुवै अभिभावक अर्थात बाबु र आमाबाट अलग्गिएका वा कानूनी वा हेरचाह गर्ने सामाजिक दायित्व पाएका एकाघरका उमेर पुगेका नातेदारबाट छुट्टिएका बालबालिका भन्ने बुझ्नुपर्छ । यसमा बालबालिका बाबुआमा वा एकाघरका उमेर पुगेका नातेदारबाट अलग्गिएको भएता पनि अन्य आफन्त वा समुदायका सदस्यसँग बसिरहेका हुनसक्छन् । एक वा दुवै अभिभावक गुमाइ अन्य आफन्त वा समुदायका सदस्यसँग बसिरहेका बालबालिका पनि यस समुहमा पर्दछन् ।

३. जोखिममा परेका बालबालिका (Vulnerable Children)

- बालबालिकाले कमाएर घर चलाउनु पर्ने
- अपाङ्गता भएका बालबालिका
- स्वास्थ्य स्थिति असामान्य भएका बालबालिका
- अविभाबक गुमाएका, बाबु आमा गुमाएका बालबालिका
- अविभाबक वा संरक्षकलाइ गम्भिर चोट लागेको वा अपाङ्गता भइ पालन पोषण स्याहार संरक्षण गर्न नसक्ने भएका बालबालिका
- घरबार विहिन भएका, आम्दानीको श्रोत नभएका बालबालिका
- सडक बालबालिका
- १८ बर्ष मुनिका आफै बच्चाको आमा भएका बालिकाहरु

- शोषणमा परेका बालबालिका
- बाल श्रमिक
- उचित पोषणको व्यवस्था नभएका बालबालिका
- बाबु वा आमाले दोश्रो विबाह गरी अन्यसँग बसेका बालबालिका

१४ जिल्लामा संकलित तथ्यांकमध्ये कुनै पनि वयस्कको संरक्षणमा नरहेका, परिवारवाट अलग्गिएका र जोखिममा परेका बालबालिका निम्नानुसार पाइएको छ ।

| क्र.स. | जिल्ला | पहिचान भएका बालबालिकाको संख्या | | | |
|---|---|---|---|---|---|
| | | जोखिममा परेका बालबालिका | कुनै पनि वयस्कको संरक्षणमा नरहेका बालबालिका | परिवारवाट अलग्गिएका बालबालिका | जम्मा पहिचान भएका बालबालिका |
| १ | सिन्धुपाल्चोक | ५०९७ | ३१ | १०७ | ५,२३५ |
| २ | दोलखा | २०८३ | ४ | १४ | २,१०१ |
| ३ | काभ्रेपलान्चोक | २५७३ | ११ | ५३५ | ३,११९ |
| ४ | रसुवा | १०८४ | ० | ० | १,०८४ |
| ५ | नुवाकोट | ३३३८ | ० | ३१० | ३,६४८ |
| ६ | धादिङ | २१७६ | ० | ३५३ | २,५२९ |
| ७ | गोरखा | २८९६ | ३२ | १३५७ | ४,२८५ |
| ८ | मकवानपुर | ३२११ | १५ | ३०६ | ३,५३२ |
| ९ | रामेछाप | १५९७ | ० | २०२ | १,७९९ |
| १० | ओखलढुङ्गा | ३५१४ | ० | ३५६ | ३,८७० |
| ११ | सिन्धुली | ४१०८ | १३ | ५८७ | ४,७०८ |
| १२ | भक्तपुर | १८२३ | ९ | ३१० | २,१४२ |
| १३ | ललितपुर | २४९० | १ | ८९ | २,५८० |
| १४ | काठमाण्डौ | ६२८९ | ३१ | ६१८ | ६,९३८ |
| | जम्मा | ४२,२७९ | १४७ | ५,१४४ | ४७,५७० |

१४ जिल्लामा हालसम्म संकलित तथ्यांकको आधारमा पहिचान भएका बालबालिकामध्ये बुवा र आमा दुबै गुमाएका, आमामात्र गुमाएका र बुवामात्र गुमाएका (भूकम्पको कारणले मात्र र जम्मा पहिचान भएका) बालबालिका र अपाङ्गता भएका बालबालिका निम्नानुसार रहेका छन् ।

## १४ जिल्लामा हालसम्म संकलित तथ्यांकमध्ये बुवा र आमा दुबै गुमाएका बालबालिकाः

| क.स. | जिल्ला | बुवा आमा दुबै गुमाएका बालबालिकाको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जिल्लामा पहिचान भएका जम्मा | | | भूकम्पका कारणले मात्र | | |
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ७१ | ५५ | १२६ | ९ | ५ | १४ |
| २ | दोलखा | ४२ | २९ | ७१ | १३ | १३ | २६ |
| ३ | काभ्रेपलाञ्चोक | ६२ | ६१ | १२३ | ३ | ५ | ८ |
| ४ | रसुवा | १८ | ९ | २७ | १४ | ६ | २० |
| ५ | नुवाकोट | ३३ | ३० | ६३ | ९ | ३ | १२ |
| ६ | धादिङ | ४९ | ३६ | ८५ | – | ४ | ४ |
| ७ | गोरखा | ६३ | ५२ | ११५ | १० | २ | १२ |
| ८ | मकवानपुर | २८ | ३० | ५८ | – | – | – |
| ९ | रामेछाप | २१ | ३७ | ५८ | – | – | – |
| १० | ओखलढुङ्गा | १०८ | १०४ | २१२ | – | – | – |
| ११ | सिन्धुली | ५३ | ४० | ९३ | – | – | – |
| १२ | भक्तपुर | २४ | २० | ४४ | ३ | – | ३ |
| १३ | ललितपुर | १० | १३ | २३ | ३ | – | ३ |
| १४ | काठमाण्डौ | ७६ | ८० | १५६ | ११ | ७ | १८ |
| | **जम्मा** | ६५८ | ५९६ | १२५४ | ७५ | ४५ | १२० |

## १४ जिल्लामा हालसम्म संकलित तथ्यांकमध्ये आमा गुमाएका बालबालिकाः

| क्र.स. | जिल्ला | आमा गुमाएका बालबालिकाको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जिल्लामा पहिचान भएका जम्मा | | | भूकम्पका कारणले मात्र | | |
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ५०९ | ५७१ | १,०८० | ६३ | ६२ | १२५ |
| २ | दोलखा | १८० | १८५ | ३६५ | ५ | ८ | १३ |
| ३ | काभ्रेपलाञ्चोक | २७९ | २६९ | ५४८ | २२ | १८ | ४० |
| ४ | रसुवा | १३३ | ११६ | २४९ | ६२ | ५४ | ११६ |
| ५ | नुवाकोट | ३४२ | ३६३ | ७०५ | ४४ | ४५ | ८९ |
| ६ | धादिङ | २१४ | १९९ | ४१३ | २९ | ३८ | ६७ |
| ७ | गोरखा | २७१ | ३२४ | ५९५ | १७ | २३ | ४० |
| ८ | मकवानपुर | २३६ | २६३ | ४९९ | २ | ० | २ |
| ९ | रामेछाप | १३८ | १९५ | ३३३ | ७ | ९ | १६ |
| १० | ओखलढुङ्गा | २९२ | २९५ | ५८७ | ९ | ६ | १५ |
| ११ | सिन्धुली | ३८१ | ४४७ | ८२८ | ४ | २ | ६ |
| १२ | भक्तपुर | १२४ | ११३ | २३७ | २० | ८ | २८ |
| १३ | ललितपुर | १०२ | ८४ | १८६ | ९ | ५ | १४ |
| १४ | काठमाण्डौ | २४९ | ३०४ | ५५३ | ५६ | ४५ | १०१ |
| | **जम्मा** | **३,४५०** | **३,७२८** | **७,१७८** | **३४९** | **३२३** | **६७२** |

## १४ जिल्लामा हालसम्म संकलित तथ्यांकमध्ये बुवा गुमाएका बालबालिकाः

| क्र.स. | जिल्ला | बुवा गुमाएका बालबालिकाको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जिल्लामा पहिचान भएका जम्मा | | | भूकम्पका कारणले मात्र | | |
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ७६९ | ६७९ | १,४४८ | ३५ | ३७ | ७२ |
| २ | दोलखा | ४६३ | ४३० | ८९३ | २२ | २० | ४२ |
| ३ | काभ्रेपलान्चोक | ५०६ | ५१२ | १,०१८ | १४ | १५ | २९ |
| ४ | रसुवा | १७५ | २०१ | ३७६ | ४० | ४८ | ८८ |
| ५ | नुवाकोट | ६५७ | ७६७ | १,४२४ | ३८ | ३० | ६८ |
| ६ | धादिङ | ३८२ | ३६२ | ७४४ | १९ | १३ | ३२ |
| ७ | गोरखा | ८०४ | ८६६ | १,६७० | ३३ | ४० | ७३ |
| ८ | मकवानपुर | ४६१ | ५७४ | १,०३५ | ५ | ६ | ११ |
| ९ | रामेछाप | २६२ | ३४६ | ६०८ | ४ | ७ | ११ |
| १० | ओखलढुङ्गा | ४५८ | ५२० | ९७८ | ४ | ५ | ९ |
| ११ | सिन्धुली | ८३१ | ८५४ | १,६८५ | २ | २ | ४ |
| १२ | भक्तपुर | २३१ | २३९ | ४७० | ८ | ६ | १४ |
| १३ | ललितपुर | २१९ | १७५ | ३९४ | ८ | ४ | १२ |
| १४ | काठमाण्डौ | ६१८ | ७११ | १,३२९ | ५६ | ६९ | १२५ |
| | **जम्मा** | **६,८३६** | **७,२३६** | **१४,०७२** | **२८८** | **३०२** | **५९०** |

**कुनै पनि वयस्कको संरक्षणमा नरहेका, परिवारवाट अलग्गिएका र जोखिममा परेका बालबालिकालाई हालसम्म वितरण गरिएको आपतकालिन बालसंरक्षण सहयोग, पारिवारिक संरक्षण सहयोग तथा घटना व्यवस्थापन सहयोग:**

**बालसंरक्षण सहयोग तथा पारिवारिक संरक्षण सहयोग वितरणका लागि जिल्लामा बालबालिका छनौटका आधारहरु :**

- भूकम्प तथा अन्य कारणबाट बुवा र आमा दुबै गुमाएका बालबालिका ।
- भूकम्प तथा अन्य कारणले बुबा वा आमा मध्ये कोही एक जना गुमाएका बालबालिका ।
- बुवाको मृत्यू भएको, आमाले अर्को बिहे गरि गएको र हजुरबुवा,हजुरआमा, आफन्त वा अन्य संरक्षकसँग बसेका बालबालिका ।
- आमाको मृत्यू भएको र बुवाले अर्को विबाह गरि अलग्गै बसेको र हजुरबुवा,हजुरआमा, आफन्त वा अन्य संरक्षकसँग बसेका बालबालिका ।
- आमा र बुवा दुबै जिवित भएपनि दुबैजनाले दोस्रो विबाह गरि अलग्गै बसेको र जुरबुवा,हजुरआमा, आफन्त वा अन्य संरक्षकसँग बसेका बालबालिका ।
- आमा बुवा दुबै जिवित भएपनि अधिक सन्तान र अत्याधिक गरिबीका कारण शैक्षिक निरन्तरताबाट बञ्चित भएका वा हुनसक्ने अवस्थाका बालबालिका ।

**घटना व्यवस्थापन प्रकृयामा समावेश गर्नका लागि छनौट गरिएको जोखिमता मुल्यांकनका आधारहरु :**

- उच्च जोखिम
  - ✓ आमा, बुबा दुबै गुमाएका बालबालिका
  - ✓ आमा वा बाबुमध्ये कुनै एक गुमाएका र पारिवारिक अवस्था कमजोर भएका बालबालिका
  - ✓ आमा बुबा भएतापनि संरक्षणमा नरहेका बालबालिका
  - ✓ अत्याधिक शारिरिक सजाय/शारिरिक दुर्व्यवहार
  - ✓ गंभीर चोटपटक
  - ✓ घरेलु हिंसाको घटनामा ५ वर्ष मुनिको बालबालिका घाइते हुनु
  - ✓ एउटा बालबालिका र एउटा वयस्क वा अर्को बालबालिका बीच कुनै यौनजन्य सम्पर्क
  - ✓ वैवाहिक सम्बन्ध बाहिर बलात्कारको कारणबाट कुनै बालिका गर्भवती हुनु (अनि विवाहका लागि दबाव दिनु)
  - ✓ १५ वर्षमुनिको विवाहित बालिका, जो बच्चा सहित वा गर्भवती छिन्
  - ✓ अपांगता भएको बच्चा सहितको बालिका आमा
  - ✓ ज्येष्ठ नागरिकसित विवाह भएको १५ वर्ष मुनिको बालिका
  - ✓ विवाह भएको र अपांगता, अनुपयुक्त स्याहार तथा हिंसा, शोषण, हेला वा दुर्व्यवहारको जोखिममा रहेका वा भोगिरहेका जस्ता अतिरिक्त संरक्षणका सरोकारहरू भोग्नु परिरहेका बालबालिका, जसलाई परिवारका अन्य सदस्यहरूबाट कुनै सहायता छैन
  - ✓ जबरजस्ती विवाहको कारणले गर्दा आत्महत्या गर्ने जोखिम भएका बालबालिका
  - ✓ एक्लो/बिछोडिएको बाल बर/वधु

- ✓ विवाहका लागि कुरा छिनिएका बालबालिका, सहमति भए वा नभए पनि १६ वर्षभन्दा मुनिका, एक महिनाभित्रै विवाह हुन लागेको
- ✓ बालबालिकालाई मुख्य स्याहारकर्ता मध्ये एकजना वा बालबालिकासित बारम्बार सम्पर्क भइरहने अर्को व्यक्तिबाट निरन्तर हेला, होच्याउने गरिन्छ, एक्लै राखिन्छ, वा अपमानित गरिन्छ ।
- ✓ निकृष्ट प्रकारको बालश्रममा संलग्न बालबालिका - जबरजस्ती श्रम, बेचबिखन, सशस्त्र सेना वा समूहहरूसित आबद्ध बालबालिका, व्यावसायिक यौन शोषण, अबैध क्रियाकलापहरू र जोखिमयुक्त कामहरू
- ✓ आत्महत्याको प्रयास गर्दै र/वा आफैंलाई हानी पुऱ्याउँदै गरेका बालबालिका
- ✓ अरुलाई हानी गर्दै गरेका बालबालिका
- ✓ अत्यन्त तीब्र हिंसात्मक व्यवहार भएका बालबालिका
- ✓ सञ्चार गर्न/बोल्न छोडेका बालबालिका
- ✓ १५ वर्ष मुनिका एक्ला बालबालिका
- ✓ आमा-बुबा बनेका बालबालिका

**जिल्लामा संकलन गरिएका तथ्यांकको आधारमा पहिचान भएका बालबालिका, जिल्ला बालकल्याण समिति र साझेदार संस्थाबाट २०७३ असार १५ गतेसम्ममा शैक्षिक सहयोग तथा पारिवारिक संरक्षण सहयोगबाट लाभान्वित बालबालिका**

| क्र.स. | जिल्ला | पहिचान भएका बालबालिका | जि.बा.क.स.बाट सहयोग गरिएका बालबालिका | | | साझेदार संस्थाबाट सहयोग गरिएका बालबालिका | कूल लाभान्वित बलबालिका |
|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | | |
| १ | सिन्धुपाल्चोक | ५,२३५ | ७५१ | ७३२ | १४८३ | १८३७ | ३३२० |
| २ | दोलखा | २,१०१ | ५२६ | ५६९ | १०९५ | २६० | १३५५ |
| ३ | काभ्रेपलान्चोक | ३,११९ | ६२७ | ५७५ | १२०२ | २०० | १४०२ |
| ४ | रसुवा | १,०८४ | २८६ | ३३४ | ६२० | ६२४ | १२४४ |
| ५ | नुवाकोट | ३,६४८ | ३९९ | ५७५ | ९७४ | २४७६ | ३४५० |
| ६ | धादिङ | २,५२९ | ६४४ | ५९१ | १२३५ | १६० | १३९५ |
| ७ | गोरखा | ४,२८५ | ४८८ | ५४० | १०२८ | ७४५ | १७७३ |
| ८ | मकवानपुर | ३,५३२ | ४४९ | ४५२ | ९०१ | २०२ | ११०३ |
| ९ | रामेछाप | १,७९९ | ४७७ | ४९४ | ९७१ | २०० | ११७१ |
| १० | ओखलढुङ्गा | ३,८७० | ४९५ | ५०० | ९९५ | २०० | ११९५ |
| ११ | सिन्धुली | ४,७०८ | ४४२ | ५१५ | ९५७ | २०० | ११५७ |
| १२ | भक्तपुर | २,१४२ | २७८ | ३०४ | ५८२ | २८३ | ८६५ |
| १३ | ललितपुर | २,५८० | ५७७ | ४४८ | १०२५ | ३०५ | १३३० |
| १४ | काठमाण्डौ | ६,९३८ | ५१३ | ६३१ | ११४४ | ५३० | १६७४ |
| | **जम्मा** | ४७,५७० | ६९५२ | ७२६० | १४२१२ | ८२२२ | २२४३४ |

## १४ जिल्लामा घटना व्यवस्थापन प्रकृयामार्फत २०७४ असार मसान्तसम्म लाभान्वित बालबालिका

| क्र.स. | जिल्ला | उच्च जोखिममा रहेका बालबालिका (जोखिमता मुल्यांकनको आधारमा) | जि.बा.क.स. मार्फत घटना व्यवस्थापन सहयोगबाट लाभान्वित बालबालिका | साझेदार संस्थामार्फत घटना व्यवस्थापन सहयोगबाट लाभान्वित बालबालिका | कूल लाभान्वित बालबालिका |
|---|---|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | ८६६ | ३७६ | १२५ | ५०१ |
| २ | दोलखा | ५१६ | ५३० | ५० | ५८० |
| ३ | काभ्रेपलान्चोक | १६५१ | १३४ | १०४ | २३८ |
| ४ | रसुवा | ३०० | ११० | ८० | १९० |
| ५ | नुवाकोट | ५०० | ३२५ | १६७ | ४९२ |
| ६ | धादिङ | ४५९ | २४० | १२३ | ३६३ |
| ७ | गोरखा | ३८४ | २३५ | १०० | ३३५ |
| ८ | मकवानपुर | २४० | २५० | १०० | ३५० |
| ९ | रामेछाप | ५५० | १८४ | २०० | ३८४ |
| १० | ओखलढुङ्गा | ५०० | १२१ | १२५ | २४६ |
| ११ | सिन्धुली | ५६४ | २०६ | १२५ | ३३१ |
| १२ | भक्तपुर | ३८७ | २०१ | ९३ | २९४ |
| १३ | ललितपुर | २८७ | १८५ | १११ | २९६ |
| १४ | काठमाण्डौ | १६४० | ३५९ | ७६ | ४३५ |
| | **जम्मा** | **८८४४** | **३४५६** | **१५७९** | **५०३५** |

**नोटः** जि.बा.क.स मार्फत घटना व्यवस्थापन सहयोग गरिएका कूल ३,४५६ बालबालिकामध्ये ८०५ जना बालबालिका गत वर्ष सहयोग गरिएका भन्दा फरक यस वर्ष दर्तामा आएका बालबालिका रहेका छन् । यस कार्यक्रमबाट जि.बा.क.स. मार्फत हालसम्म १५,०१७ जना र साझेदार संस्थामार्फत ८,२२२ जना गरी कूल २३,२३९ बालबालिका लाभान्वित भएका छन् ।